# कटारीनगरपालिका
Katari Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कटारी, उदयपुर
Katari,Udayapur
स्था.२०७१

कोशी प्रदेश,नेपाल
Kosi Province, Nepal
EST. 2071


## शिक्षा शाखा

पत्र संख्या(Ref.No):-२०७९/०८०
च.नं.(Dispatch No.):- ४०२४

मितिः-२०८०।२।२५

## विषयः- बिशेषज्ञ सूचीमा सूचिकृत हुन दरखास्त दिने सम्बन्धी सूचना।

प्रस्तुत बिषयमा शिक्षा नियमावली २०५९ (संशोधन) सहितको नियम ९६ को उपनियम (१)को खण्ड (ग) तथा कटारी नगर शिक्षा कार्यविधि २०७७ को दफा ४६ बमोजिम नगरभित्र करार शिक्षक छनौट सम्बन्धी कार्य गर्नकालागि कटारी नगरस्तरीय विशेषज्ञ सूची तयार गर्न शिक्षक सेवा आयोगले शिक्षक छनौट सम्बन्धी परीक्षा संचालन गर्नकालागि पाठ्यक्रम परिमार्जन समेत गरी सकेको सन्दर्भमा करार शिक्षक छनौटकालागि गरिने परीक्षा पनि सोही पाठ्यक्रम अनुसार गरिने हुँदा विशेषज्ञ सुचीमा सूचिकृत हुन शिक्षा विभागसानोठिमी भक्तपुरको च. नं.३२४ मिति २०७०/२/१०को विशेषज्ञ छनौट सम्बन्धी पत्र अनुसार इच्छुक सम्बन्धित तहमा स्थायी भइ कम्तिमा ५ वर्ष शिक्षण अनुभव भएका शिक्षकहरुले सूचना प्रकाशन भएको मितिदेखि ७ दिनभित्र तपसिलका कागजात सहित नगर शिक्षा शाखामा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१.निवेदकको नाम, ठेगाना हाल कार्यरत बिद्यालय तह, श्रेणी, बिषय र विशेषज्ञ हुन चाहेको तह बिषय समेत खुलेको तहगत र बिषयगत छुट्टाछुट्टै निवेदनसहितको फायल ।

२.माध्यमिक तहकोलागि सम्बन्धित बिषयमा स्नातकोतर तह वा सो सरह उत्तीर्ण गरी शिक्षासम्बन्धी १० महिनेतालीम प्राप्त र आधारभुत तह(प्रावि/निमावि)को लागि कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरी १० महिने तालीम प्राप्त गरेको प्रमाणपत्र प्रतिलिपिहरु ।

३.निवेदनसहित आफू विशेषज्ञ हुन चाहेको तह र विषयको हालको नयाँ पाठ्यक्रम अनुसार तयार गरिएको विषयगत र बस्तुगत प्रश्नपत्रको नेपाली युनिकोड फन्टमा तयार गरिएको एक/एक सेट प्रश्नपत्र बिषयगत प्रश्नका मार्किङ स्किम तथा वस्तुगत प्रश्नका उत्तरकुन्जीका बुझाउनु पर्नेछ।

४.स्थायी/अस्थायी नियुक्ति पत्र, अध्यापन अनुमति पत्र र नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपिहरु ।

५ दरखास्त पेश गर्ने अन्तिम मिति २०८० साल जेठ ३१ सम्म ।

६.दरखास्त दस्तुर तहगत र विषयगत छुट्टाछुट्टै (आधारभुत तह प्राथमिक रु. ५००/- ,आधारभुत तह नि.मा.बि. रु.८००।- र माध्यमिक तह रु.१०००।-) हुनेछ।

७. उमेरको हदम्याद लागू हुने छैन ।

८.जुन तहको लागि विशेषज्ञ छनौट भएको हो सोही तहको विषयमा विषेषज्ञ हुनेछ ।

९.विगत वर्षमा सूचिकृत भएका विषय विशेषज्ञहरुले समेत उक्त शुल्क तिरी नवीकरण गर्न हुन जानकारी गराइन्छ नविकरण नभएमा विशेषज्ञ सूचीबाट नाम स्वतः हटाइने छ ।

२०८०।२।२५
शाखा अधिकृत
प्रेमन सिग्देल